"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

ढुङ्गा,गिट्टी,रोडा तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलन कार्यको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७९।०८।११

यस कार्यालयबाट चालु आ.व. ०७९/०८० का लागि स्थानिय सरकार संचालन ऐन २०७४ र सिरीजङ्घा गाउँ कार्यपालिकाको मिति २०७९।०६।३१ को निर्णय बमोजिम सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्र तपशिलका खोलामा स्वीकृत IEE प्रतिबेदन अनुसार ढुङ्गा,गिट्टी,रोडा तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलनको कार्य ठेक्का बन्दोबस्तबाट गर्नु पर्ने भएको हुँदा सम्बन्धित निकायबाट ईजाजत प्राप्त गरी मुल्य अभिबृद्धी करमा दर्ता भएका ईच्छुक फर्म,कम्पनी वा व्याक्तीबाट यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा तपशिलका सर्त बन्देजको अधिनमा रही बोलपत्र फारम यस कार्यालयबाट खरीद गर्न र आठौं दिनको अपरान्ह १२:०० बजे सम्म शिलबन्दी बोलपत्र दर्ता गर्न हुन सम्न्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । शुल्क असुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन सम्बन्धी थप शर्तहरु बोलपत्र फारम साथ उपलब्ध गराईने छ ।बोलपत्र स्वीकृत वा बदर गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।सुचनामा उल्लेख नभएका कुरा प्रचलित कानून बमोजिम हुनेछ । ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयको पुर्वाधार विकास शाखा तथा आर्थिक प्रशासन शाखामा कार्यालय समय भित्र सम्पर्क राखेर वा यस गाउँपालिकाको वेव पेज:www.sirijanghamun.gov.np बाट समेत लिन सकिनेछ ।

देहाय

## तपशिल

| सि.नं. | सुचना नं./बोलपत्र नं | बोलपत्रको नाम | उत्खन्न परिमाण | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | राजश्व १/०७९/०८० | हैराङ्विदोभान काबेली खोला | ७३९।२० | १५६५४०।३८ | १५६५५।० | १०००।०० |
| २ | राजश्व २/०७९/०८० | हैराङ्विदोभान २ काबेली खोला | ८० | १६९४१।६० | १६९५।०० | १०००।०० |
| ३ | राजश्व | साजु एरीया | २०८ | ४४०४८।१६ | ४४०५।०० | १०००।०० |



Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३/०७९/०८० | फावाखोला | | | | |
| ४ | राजश्व ४/०७९/०८० | तावाखोला पुरानो रौँके बजार तावाखोला | २६४ | ५५९०७।२८ | ५५९१।०० | १०००।०० |
| ५ | राजश्व ५/०७९/०८० | छिबुक सिमसार क्षेत्र काबेली खोला | २२४ | ४७४३६।४८ | ४७४४।०० | १०००।०० |
| ६ | राजश्व ६/०७९/०८० | जोरपुल दोभान काबेली खोला | ४७०।०८ | ९९५४८।८४ | ९९५५।०० | १०००।०० |
| ७ | राजश्व ७/०७९/०८० | हप्पु खोलाको दोभान | २८० | ५९२९५।६० | ५९३०।०० | १०००।०० |
| ८ | राजश्व ८/०७९/०८० | होराङ्गे पहिरो काबेली खोला | १७२।८० | ३६५९३।८६ | ३६६०।०० | १०००।०० |
| ९ | राजश्व ९/०७९/०८० | पञ्चमी बजार काबेली खोला | ३३६ | ७११५४।७२ | ७११६।०० | १०००।०० |
| १० | राजश्व १०/०७९/०८० | मसानघाट खोरबारी काबेली खोला | ४१६ | ८८०९६।३२ | ८८१०।०० | १०००।०० |
| ११ | राजश्व ११/०७९/०८० | अशोक खेवाङ काबेली खोला | २३९।२० | ५०६५५।३८ | ५०६६।०० | १०००।०० |

शर्तहरु:

१. बोलपत्र दर्ता गर्दा शिलबन्दी खामको बाहिरपट्टी नाम प्रस्ट बुझिने गरी लेख्नु पर्नेछ ।

२. शिलबन्दी बोलपत्र फारामसाथ नेपाली नागरिरकता प्रमाण पत्रको प्रतिलिपि, सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धिकर सहितको PAN को प्रतिलिपि आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आर्थिक वर्ष २०७८।०७९ को आयकर चुक्ता प्रमाण पत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. धरौटी बापत आफुले कबोल गरेको अंकको दस १० प्रतिशत रकम यस कार्यालयको नामको श्री नेपाल बैंक लिमिटेड सिरीजङ्घा शाखाको धरौटी खाता नं (२६१०३०००००३०००००००१ मा नगद जम्मा गरी सोको दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम बराबरको क वर्गको बैंकद्वारा यस गाउँ पालिकाको नाममा जारी गरिएको बोलपत्र फाराम बुझाउने अन्तिम दिनबाट कम्तीमा ९० दिनसम्म मान्य अवधि भएको बिडवण्ड पेश गर्नु पर्नेछ ।

४. बोलपत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. दर्ता भएको बोलपत्रहरु फिर्ता सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन अनुसार नै हुनेछ ।

६. यो सुचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस गाउँ पालिकामा निहित रहने छ ।

७. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।



Scanned with CamScanner

८. बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको ७ दिन भित्र सम्झौता गरिसक्नु गर्नेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा उक्त बोलपत्रदाताको धरौटी जफत गरी दोश्रो बढी कबुल गर्नेलाई दिने प्रकृया नियमानुसार अगाडी बढाइनेछ ।

९. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर समेत बुझाउनु पर्नेछ ।

१०. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ ।

११. ठेक्का सम्झौता भइसकेपछि बीचमा कुनै कारण देखाई छोड्न पाइने छैन ।

१२. ठेक्का स्वीकृत भएपछि एकमुष्ट रकम बुझाउन चाहानेले मूल्य अभिबृद्धि करको रकम सहित एकमुष्ट बुझाउँदा कबोल अंकमा मू.अ करको रकम घटाई बाँकी रकममा १० प्रतिशत छुट दिइनेछ ।

१३. किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको क वर्गको बैंकबाट जारी भएको घटीमा १३ तेह्र महिना अवधि भएको परफरमेन्स बण्ड बुझाई ठेक्का रकम तीन किस्तामा बुझाउन पर्नेछ । किस्ता रकम बुझाउदा पहिलो किस्ता ३५ प्रतिशत, दोस्रो किस्ता ३५ प्रतिशत र अन्तिम किस्ता ३० प्रतिशत रकम कायम गरिएको छ । यसरी किस्ता बुझाउँदा पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा, दोस्रो किस्ता पुष मसान्तभित्र र अन्तिम किस्ता चैत्र मसान्तभित्र बुझाउनु पर्नेछ ।

१४. तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानून अनुसार जरिवाना गरिने र बैशाख मसान्त भित्रमा नबुझाएमा परफरमेन्स बण्डबाट असूल उपर गरिनेछ ।

१५. ठेक्का सकार गर्ने ठेकेदारले गाउँ पालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ।प्रमाणित नगरिएको रसिदबाट रकम उठाएको पाईएमा नियमानुसार कानुनी कारवाही गरिनेछ । साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ ।

१६. सम्बन्धित कर संकलनका लागि गाउँ पालिकाले तोकिएको स्थानहरु वा नाका बाहेक अन्य स्थानबाट ढुङ्गा गिट्टी रोडा तथा वालुवा उत्खनन गरी बिक्री गर्न वा त्यसको शुल्क उठाउन पाइने छैन ।

१७. तोकिएको नाका र परिणाम भन्दा वढी उत्खनन् गरी बिक्री गरेमा सोबाट हुने हानी नोक्सानी सबै ठेकेदारबाट भराइने छ ।

१८. राष्ट्रिय राजमार्ग सहायक वा अन्य सडकमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

१९. बोलपत्र धरौटी वापत नगदै रकम जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन । यस्तो रकम वा बोलपत्र जमानत ठेक्का अवधी समाप्त भएपछि आन्तरिक कार्यालयबाट कर समायोजन पत्र लिई पेश गरेपछि मात्र फिर्ता वा फुकुवा दिइने छ ।

२०.यस नगरपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ।यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

२१. तोकिएको शुल्क संकलन कार्य गर्दा व्यवधान वा समस्या परेमा दुई पक्ष विच आपसि छलफलद्वारा समाधान गरिने छ । त्यस्तो छलफलवाट सहमति हुन नसकेमा गाउँ पालिकाको निर्णय अन्तिम हुनेछ । उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२२. वोलपत्र फारममा उल्लेख भए वाहेकका कुराहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

२३. वन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुवाट सृजना हुने अवरोधका कारण ठेक्का रकम छुट वा मिन्हा दिईने छैन ।

२४.कुनै एक फर्मको नाममा खरिद गरेको वोलपत्र फारम अर्को फर्मको नाममा दखिला गर्न पईने छैन ।



Scanned with CamScanner

२५. ढुङ्गा, गिट्टि, रोडा तथा वालुवा जस्ता पदार्थहरु नदीवाट उत्खनन्न गर्दा प्रचलित कानुन तथा कार्यपालिका वैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक वहावलाई प्रतिकुल असर नहुनेगरि नदीको channeling गरेर मात्र उत्खनन गर्नु पर्नेछ ।

२६. ढुङ्गा, गिट्टि, मिक्स गिट्टि, रोडा, वालुवा तथा भरौट माटो आदि निकाल्दा अर्काको घर जग्गा कुलो वाध वाटो आदि क्षति हुने गरि निकाल्न पाईने छैन ।

२७. यस ठेक्काको अवधि सम्झौता भएको मिति देखी शुरु भई २०८० जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ ।

२८. वोलपत्र फारम साथ पेश गर्ने कागजातहरु नोटरी पव्लिकवाट प्रमाणित भएको हुनुपर्नेछ ।

२९. वोलपत्र फारममा कवुल गरेको अंक वापतको रकम यस गाउँ पालिकालाई वुझाउदा चेक मार्फत कारोवार गर्न पाईनेछैन । कार्यलयले उपलव्ध गराएको वैक खातामा नगद जम्मा गरी सो को भौचर पेश गर्नुपर्ने छ ।

३०. गत विगत वर्षमा यस गाउँ पालिकालाई ठेक्का रकम तिर्न वाँकि वक्यौता रहेको फर्म वा कम्पनीले यो सुचना वमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

३१. पेश भएका शिलवन्दी वोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० वजे यसै कार्यालयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।सो समयमा वोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३२. वोलपत्र फराम खरिद गर्ने तथा दाखिल्ला गर्ने अन्तिम दिन विदा पर्न गएमा ती कामहरु क्रमश त्यसपछी कार्यालय खुलेको दिन हुनेछन् ।

२०७९।८।११

(स्काई पोखेल)
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner